ndCauseL

दोस्रो / प

# सर्वोच्च अदालत, संयुक्त इजलास

## माननीय न्यायाधीश श्री महेश शर्मा पौडेल
## माननीय न्यायाधीश श्री नृपध्वज निरौला

## फैसला

मुद्दाः- नाता कायम।

०७९-CI-०६६१

| | |
|---|---|
| ललित चौधरीको छोरा जि. सुनसरी दुहवी भलुवा न.पा. वार्ड नं. ९ घर भई हाल परिवर्तित ऐ. दुहवी न.पा.६ बस्ने मोहन कुमार चौधरी.........................................१ | निवेदक वादी |

विरुद्ध

| | |
|---|---|
| डिकविर खड्काको छोरी जि. सुनसरी दुहवी न.पा.वार्ड नं.४ मा बस्ने पवित्रा खड्का...१ | विपक्षी प्रत्यर्थी |

| | |
|---|---|
| सुरु फैसला गर्ने अदालतः- | श्री सुनसरी जिल्ला अदालत। |
| फैसला गर्ने न्यायाधिश :- | माननीय न्यायाधीश श्री शंकर बहादुर राई |
| मुद्दा नं.:- | ०७३-PC-०६१६ |
| फैसला मिति : | २०७६।०१।०३ |
| पुनरावेदन तहमा फैसला गर्ने :- | उच्च अदालत विराटनगर । |
| | माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठ |
| | माननीय न्यायाधीश श्री कृष्ण कमल अधिकारी |
| मुद्दा नं.:- | ०७५-CP-०२१४ |
| फैसला मितिः- | २०७७।११।१९ |

न्याय प्रशासन ऐन,२०७३ को दफा १२ को उपदफा (१) को खण्ड (क) (ख) बमोजिम उच्च अदालत विराटनगरको मिति २०७७।११।१९ को फैसला दोहोऱ्याई पाँउ भन्ने व्यहोराको प्रतिवादीको निवेदन परी यस अदालतबाट दोहोऱ्याई पाउने अनुमति प्राप्त भई दर्ता भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छः-

## मुद्दाको संक्षिप्त व्यहोरा

१. विपक्षी र म २०६४ सालमा विराटनगरस्थित मेट्रोपोलिस क्याम्पसमा उच्च शिक्षा अध्ययन गर्ने क्रममा परिचित भई प्रेम सम्बन्धमा रही आएका थियौं। विपक्षी मभन्दा एक ब्याच सिनियर भए पनि एउटै गा.वि.स.का भएकाले निरन्तर भेटघाट, सम्पर्क तथा आवतजावत हुँदै आएको र हाम्रो सम्बन्धबारे दुवै पक्षका परिवारलाई समेत जानकारी थियो । हामी अन्तरजातीय भएका कारण परिवारले विवाह गर्न अनुमति नदिएपछि मिति २०७२।०४।०७ गते काठमाडौंस्थित पशुपतिनाथ मन्दिरमा भगवानलाई साक्षी राखी विवाह गरी सोही दिनदेखि किर्तिपुर न.पा . वडा नं. ३१ स्थित लोकलाल महर्जनको घरमा कोठा भाडामा लिई पति –पत्नीको रूपमा बस्दै आएका थियौं ।२०७३ साल श्रावणसम्म किर्तिपुरमा पति –पत्नीको सम्बन्धमा वसेपछि विपक्षीका परिवारजनले सम्बन्धबारे थाहा पाई विवाह गरिदिने आश्वासन दिएका हुँदा २०७३।०५।०१ गते हामी दुवै जना घरतर्फ गएका थियौं । विपक्षीले, दशैंको टिकामा मलाई घरमा भित्र्याउने तथा त्यसपछि मंसिर वा माघमा विवाह गर्ने भनी पटक –पटक विश्वास दिलाए । तर पछि विपक्षीले सम्पर्कविहीन हुने , फोन बन्द गर्ने र भेट्न नदिने गर्न थाले ।मिति २०७३।१०।२० गते विपक्षीको घरमा जाँदा निजका बाबु –आमाले विपक्षीसँग भेट्न नदिई हाम्रो जात नमिलेको तथा विपक्षीको विवाह सुनसरी राजगञ्ज सिनवारी निवासी सिताराम चौधरीकी छोरीसँग गर्ने निश्चित भएको , साथै दाइजोस्वरूप जग्गासमेत दिने कुरा बताई मलाई धाकधम्की दिएका थिए । त्यसपछि विपक्षीले समेत मसँग सम्पर्क नगरी लुक्दै हिँडेको र अन्यत्र विवाह गर्न खोजेको कारण म मानसिक तथा शारीरिक रूपमा पीडित एवं अपमानित भएकी छु।विपक्षीले मलाई प्रेम सम्बन्धमा पारी पशुपतिनाथ मन्दिरमा विवाह गरी श्रीमतीको रूपमा राखी लामो समयसम्म पति –पत्नीको सम्बन्ध कायम गरेपछि परिवारको दवावमा मलाई श्रीमतीको रूपमा स्वीकार गर्न अस्वीकार गरी अन्यत्र विवाह गर्न खोजेको हुँदा मेरो वैवाहिक हक तथा अधिकारको संरक्षणका लागि मुलुकी ऐन लोग्ने– स्वास्नीको महलको ५(क ) नं . बमोजिम विपक्षीसँग मेरो लोग्ने –स्वास्नीको नाता कायम गरी पाऊँ भन्ने समेत व्यहोराको वादी पवित्रा खड्का चौधरीको फिरादपत्र।

२. विपक्षी वादीको फिराददावी विल्कुलै झुट्टा एवं काल्पनिक हो। विपक्षी वादीसँग मेरो सामान्य चिनजान सम्म मात्रै छ। विपक्षी वादीसँग मेरो कुनै सम्बन्ध छैन। वादीसँग प्रेम गरेको छैन

साथै विवाह भएको छैन। विपक्षी वादीको दावीको मिति समयमा विवाह भएको भए विवाह हुँदाका वखत कसको रोहवरमा उपस्थितिमा विवाह भएको हो सो फिरादमा उल्लेख गर्न सकेको छैन। प्रस्तुत मुद्दा दुनियाँवादी फौजदारी मुद्दा रहेकोले फौजदारी मुद्दामा प्रमाण ऐन २०३१ को दफा २५ बमोजिम कसूर प्रमाणित गर्ने भार वादीको रहेकोले वादीले आफ्नो दावी पुष्टि हुने कुनै पनि आधार प्रमाण पेश गर्न नसकेकोले निजको दावी मुलुकी ऐन अ.बं.१८० नं बमोजिम खारेज भागी छ खारेज गरी पाउँ। विपक्षीको दावी अनुसार विवाह २०७२/०४/०७ गते भएको भनी फिरादको प्रकरण १ मा उल्लेख भएको आधार प्रमाणबाट लोग्ने स्वास्नीको ६ नं को हदम्यादभित्र प्रस्तुत फिराद नपरेकोले प्रस्तुत हदम्याद विहिन अर्थात हदम्यादभित्रको नरहेकोले फिराद दावीको आधारमा अन्य थप प्रमाण वुझि रहनुपर्ने अवस्था नरहेकोले उक्त हदम्याद नघाई फिराद दायर गरेको मुद्दा मुलुकी ऐन अ.बं.१८० नं बमोजिम खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी मोहन कुमार चौधरीले मिति २०७४/०२/०३ गते शुरू अदालतमा पेस गरेको प्रतिउत्तर पत्र।

३. वादी प्रतिवादी श्रीमान श्रीमती नाताका व्यक्तिहरु हुन। वि.सं. २०७२ साल श्रावण ७ गते नै काठमाण्डौको पशुपतिनाथको मन्दिरमा वादी प्रतिवादीको विवाह भएको हो। वादी प्रतिवादीवीच लोग्ने स्वास्नीको नाता सम्वन्ध कायम हुनुपर्ने हो। विवाहमा फोटो खिचेको देखेको हो पेस गरे नगरेको थाहा भएन भन्नेसमेत व्यहोराको वादीका साक्षी सरवन विश्वासले गरेको बकपत्र।

४. वादी र प्रतिवादीको काठमाण्डौमा विवाह भएको मलाई थाहा छैन। बरु प्रतिवादीको अर्को ठाउँमा अर्को केटीसँग मिति २०७३ साल फाल्गुन २९ गते विवाह भएको हो। मैंले वादी प्रतिवादीहरुवीच विवाह भएको कुरा गाउँघरमा सुनिन भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी परदेशी पासवानले गरेको बकपत्र ।

५. सुरु अदालतबाट भएका आदेशानुसार जिल्ला प्रहरी कार्यालय इनरुवा सुनसरीको च.नं. ६३९१ मिति २०७४/१२/१९ गतेको पत्रसाथ वादी पवित्रा खड्का र प्रतिवादी मोहनकुमार चौधरी वीच जिल्ला प्रहरी कार्यालयमा भएको सहमति कागजको प्रमाणित प्रति।

६. वादीले अदालतमा पेस गरेको फोटाहरु २ थान हेरे। २ जना केटाकेटीको मात्र फोटो भएको तस्वीरमा रहेको मेरो भनिएको फोटोको टाउको मात्र मेरो र शरीर अरुनै व्यक्तिको फोटो कम्प्युटरको माध्यमबाट जोडी तयार गरेको हो। वादीको फोटो सोही तस्वीरमा रहेको पनि टाउको मात्र जोडी शरीर अर्कैको राखी तयार भएको हो। सो फोटोमा लगाएको कपडा पेन्ट सर्ट समेत मेरो होइन। त्यसैगरी ४ जना उभिएको २ जना केटाकेटीले माला लगाएको भनेको फोटो पनि अलग अलग व्यक्तिहरुको शरीर टाउको जोडी तयार पारेको हो। अन्य २ जना

पुरुषहरुको विषयमा म केहि भन्न सक्दिन। म अरुलाई चिन्दिन भन्नेसमेत व्यहोराको वादीले पेस गरेको फोटाहरु हेरी प्रतिवादी मोहन चौधरीले सुरू अदालतमा गरेको सनाखत बयान।

७. उक्त फोटाहरु वास्तविक खिचिएका सहि सत्य किसिमका फोटाहरु हुन्। निज विपक्षीले आफूलाई मुद्दाबाट ढाकछोप गरी बचाउन गलत मनसाय राखी गलत झुट्टा बयान गरेका हुन। उक्त फोटो खिच्दा निजले लगाएका सर्ट पेन्ट समेतका कपडाहरु निजका नै हुन्। फोटोका छेउमा (एउटा फोटाका) भएका पुरुषहरु डेरा नजिकका छिमेकीहरु हुन भन्ने समेत व्यहोराको वादी पवित्रा खड्का चौधरीले प्रतिवादीले गरेको बयान हेरी सुनी गरेको प्रतिवाद बयान।

८. सुरू अदालतबाट भएका आदेशानुसार राष्ट्रिय विधि विज्ञान प्रयोगशाला खुमलटार ललितपुरबाट भइ आएको परीक्षण प्रतिवेदन मिसिल सामेल रहेको।

९. प्रतिवादी मोहनकुमार चौधरीले वादी पवित्रा खड्कासँग सामान्य चिनजान मात्र भएको अन्य कुनै सम्वन्ध नभएको भने तापनि म वादी पवित्रा र प्रतिवादी मोहनकुमार चौधरी हामीसँग एउटै कोठामा बस्ने मेरो परीक्षा फर्म लोकसेवा आयोगको फर्म समेत मेरो अविभावकत्वको भूमिका निर्वाह गरी निज प्रतिवादीले आफ्नै हस्तलिपी र आफ्नो हस्ताक्षर भएको कागज यसै निवेदनका साथ पेस गरेको छु भनी दिएको निवेदन द.नं. ७७१२ मिति २०७५/०९/१२ गते पेस गरेको निवेदन मिसिल सामेल रहेको।

१०.विपक्षीले मिति २०७५/०९/१२ गते निवेदनसाथ पेस गरेको कागजहरु अध्ययन गर्दा मेरो सत्य व्यहोरा यो छ कि विपक्षीसँग मेरो सामान्य चिनजान थियो। विपक्षीले फर्म भर्ने वेलामा तपाईको अक्षर राम्रो छ, मेरो फर्महरु भरी दिनुहोस. भन्दा मैले साथीको हैसियतले लोकसेवाको फर्म तथा कलेजको फर्म भरिदिएको हो। अन्य व्यक्तिको अक्षर को कसको हो मलाई थाहा छैन। म बताउन सक्दिन मैले अविभावकको हैसियतले विपक्षीको फर्म भरिदिएको होइन निजको भनाई झुट्टा हो भन्ने निवेदन पत्र सुरू अदालतमा द.नं. ९०२८ मिति २०७५/१०/११ गते पेस गरेको निवेदन मिसिल सामेल रहेको।

११.वादी प्रतिवादीको विवाह भएको हो भन्ने उल्लेख गरी बकपत्र गरेको देखिएता पनि वादीले आफ्नो फिरादमा सरवन विश्वासलाई विवाहमा उपस्थित रहेको भनी उल्लेख गर्न सकेको देखिदैन। सरवन विश्वास तत्काल काठमाण्डौमा रहेको पुष्टि हुने आधार समेत पाइदैन। वादीले आफ्नो फिरादमा कसैलाई पनि विवाहमा उपस्थित रहेको भनी उल्लेख गर्न सकेको देखिदैन। वादीले आफ्नो फिराद दावीलाई ठोस आधार प्रमाण देखाई पुष्टि गर्न सकेको देखिएन। तसर्थ वादी प्रतिवादी वीच पति/पत्नी कायम रहेको पुष्टि हुने ठोस आधार प्रमाणको अभाव देखिदा विपक्षी मोहन कुमार चौधरीसंग लोग्ने स्वास्नीको नाता कायम गरी पाउँ भन्ने वादी दावी नपुग्ने ठहर्छ भन्ने समेत सुरू जिल्ला अदालतको फैसला।

१२.विपक्षी मोहन कुमार चौधरीले मसँग लामो समय प्रेम सम्बन्ध कायम गरी विश्वासमा पारी मिति २०७२।०४।०७ गते पशुपतिनाथ मन्दिरमा विवाह गरी श्रीमतीको रूपमा स्वीकार गरी कीर्तिपुरस्थित लोकलाल महर्जनको घरमा कोठा भाडामा लिई पति –पत्नीको रूपमा बसेपछि निजको घरमा जाँदा मलाई स्वीकार नगरी घर प्रवेशसमेत गर्न नदिएको हुँदा विपक्षीसँग लोग्ने –स्वास्नीको नाता कायम गरिपाउँ भनी सुनसरी जिल्ला अदालतमा फिराद दायर गरेकोमा वादी दाबी नपुग्ने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा न्यायका लागि पुनरावेदन गरेकी छु ।विपक्षीसँग विवाह गरी कीर्तिपुरमा पतिपत्नीको रूपमा बसेको तथ्य पुष्टि हुने गरी घरधनी लोकलाल महर्जनले अदालतको म्याद आफैं बुझी तामेल भएको अवस्था , पेश गरिएका फोटोहरू सम्बन्धमा विशेषज्ञको रायसमेत पूर्णतः नकारात्मक नभई अस्पष्ट रहेको अवस्था तथा विपक्षीसँग भएको निकट सम्बन्ध र सम्पर्क पुष्टि हुने मोबाइल कल डिटेललगायतका परिस्थितिजन्य प्रमाणतर्फ जिल्ला अदालतले उचित मूल्याङ्कन गरेको छैन।मेरा साक्षी सरवन विश्वास काठमाडौंमा रहेको भन्ने मात्र आधारमा निजको साक्ष्य अस्वीकार गर्नु न्यायोचित होइन, किनकि घटना देखे वा सुनेको तथा अदालतले सोधेको प्रश्नको युक्तिसंगत जवाफ दिन सक्ने व्यक्ति साक्षी हुन सक्छ। साथै विपक्षीले अर्की महिलासँग विवाह गर्न लागेको थाहा पाएपछि सो विवाह रोकिपाऊँ भनी मैले दिएको निवेदन तथा विचाराधीन नाता कायम मुद्दाको तथ्यलाई समेत जिल्ला अदालतले उचित रूपमा विचार गरेको छैन।पशुपतिनाथ मन्दिरमा विवाह भएको, त्यसपछि विपक्षी र म कीर्तिपुरमा पतिपत्नीको रूपमा एउटै कोठामा बसेको तथा अन्य परिस्थितिजन्य प्रमाणबाट हाम्रो वैवाहिक सम्बन्ध पुष्टि हुँदाहुँदै वादी दाबी नपुग्ने गरी भएको सुनसरी जिल्ला अदालतको फैसला प्रमाणको उचित मूल्याङ्कन नगरी भएको त्रुटिपूर्ण फैसला बदर गरी वादी दाबीबमोजिम विपक्षी मोहन कुमार चौधरी र मेरो बीच लोग्नेस्वास्नीको नाता कायम गरिपाउँ भन्ने व्यहोराको वादी पवित्रा खड्काको तर्फबाट उच्च अदालत विराटनगरमा पेस भएको पुनरावेदनपत्र।

१३.वादी प्रतिवादी बीच काठमाण्डौंमा पशुपति मन्दिरमा विवाह भएको हो भनी वादीले प्रतिवादीसँग बसी माला तथा टिका लगाएको फोटोहरू समेत प्रमाणको लागि पेस गरेकोमा उक्त फोटोहरू जाँच गर्ने विशेषज्ञलाई अदालतमा झिकाई बकपत्र नगराई वादी दावी पुग्न नसक्ने ठहर गरेको सुरू सुनसरी जिल्ला अदालतको मिति २०७६/०१/२५ को प्रमाणिकरण फैसला प्रमाण मुल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिंदा छलफलको लागि मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २१३(३) र उच्च अदालत नियमावली, २०७३ को नियम ११२ बमोजिम प्रत्यर्थीलाई झिकाई हाजिर भएपछि वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नू भन्ने मिति २०७६/०८/०१ मा उच्च अदालत विराटनगरबाट भएको आदेश।

१४.वादी प्रतिवादीका बीच मिति २०७२/०४/०७ मा विवाह भएको भन्ने समेतको वादी दावीलाई निजका साक्षी सरवन विश्वासले गरेको किटानी बकपत्रबाट पुष्टि भैरहेकोमा वादी दावी पुग्न नसक्ने ठहराई सुनसरी जिल्ला अदालतबाट मिति २०७६/०१/०३ मा भएको फैसला मिलेको नदेखिंदा उल्टी भई वादी दावी बमोजिम वादी प्रतिवादीका बीच लोग्ने स्वास्नीको नाता कायम हुने ठहर्छ भन्ने समेत बेहोराको उच्च अदालत विराटनगरबाट मिति २०७७/११/१९ गते भएको फैसला।

१५.वादीले मिति २०७२।०४।०७ गते पशुपतिनाथ मन्दिरमा विवाह भएको भनी दाबी गरे पनि सो दाबी पुष्टि हुने कुनै विश्वसनीय प्रमाण पेस गर्न सकेकी छैनन् । उच्च अदालतले वादीका साक्षी श्रवण विश्वासको बकपत्रलाई आधार बनाएको भए पनि निजले बकपत्रमा घरमा विवाह भएको भनी उल्लेख गरेको कुरालाई वादी दाबीअनुकूल फरक अर्थ लगाई फैसला गरेको हुँदा फैसला कानूनी त्रुटिपूर्ण छ। विशेषज्ञको राय तथा फोटोसम्बन्धी प्रमाणको गलत मूल्याङ्कन गरिएको छ। राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको परीक्षण रायमा फोटो कम्प्युटरबाट तयार गरिएको हो/होइन यकिन गर्न नसकिने तथा केही फोटोमा कम्प्युटरबाट टाउको जोडेको संकेत रहेको उल्लेख हुँदाहुँदै उच्च अदालतले फोटो स्वाभाविक देखिन्छ भनी त्यसलाई प्रमाणको आधार बनाएको छ, जुन प्रमाण ऐन, २०३१ को दफा २३ विपरीत छ। वादी — प्रतिवादीबीच विवाह भएको कुनै प्रमाण छैन । वादीले सनाखत बयानमा पशुपतिनाथ मन्दिरमा टीकाटालो गरेको भनी स्वयं स्वीकार गरेकी छन्। "टीकाटालो" विवाह सम्पन्न भएको नभई विवाहका लागि केटा —केटी पक्का गर्ने कार्यलाई जनाउने हुँदा उक्त बयानलाई समेत प्रमाण ऐन , २०३१ को दफा ९ बमोजिम वादीकै विरुद्ध प्रमाणका रूपमा मूल्याङ्कन गर्नुपर्नेमा त्यसो गरिएको छैन। २०६४ सालदेखि प्रेम सम्बन्ध रही विवाह भएको भन्ने निष्कर्ष निकालिएको भए पनि विवाह सम्पन्न भएको पुष्टि गर्ने कुनै प्रमाण मिसिलमा छैन। प्रतिवादीले प्रतिउत्तरमा प्रेम सम्बन्धसमेत अस्वीकार गरेको र प्रतिवादीका साक्षी परदेशी पासवानको बकपत्रलाई समेत उचित महत्व दिइएको छैन । साथै लोग्ने —स्वास्नीको महलको ६ नं .बमोजिमको हदम्यादसम्बन्धी प्रतिवादीको जिकिरमा समेत उच्च अदालतले कुनै निष्कर्ष दिएको छैन । उच्च अदालतले मिसिल संलग्न प्रमाण , वादीको सनाखत बयान तथा साक्षीको बकपत्रको वास्तविक अर्थलाई उचित रूपमा मूल्याङ्कन नगरी वादीको दाबी स्वीकार गरेको छ। प्रेम सम्बन्ध, सँगै बसोवास वा शारीरिक सम्बन्ध मात्रबाट लोग्ने —स्वास्नीको वैधानिक नाता कायम हुन नसक्ने सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित नजिर तथा सिद्धान्तहरू ने.का.प .२०५५ नि.नं .६०३१ अंक ६ पृ .

५३६ अन्नपूर्ण देवी राणा विरुद्ध गोरख सम्सेर भएको मुद्दामा प्रतिपादन भएको सिद्धान्त केटा मान्छेले GirlFriend र केटी मान्छेले BoyFriend राख्न सक्छ, निजहरु सँगै बस्दै सँगै हिडदै गरेको अवस्थामा वा इच्छा अनुसार शारीरिक सम्पर्क राखी बच्चा जन्मेकै आधारमा लोग्ने स्वास्नी हुन सक्दैन भनी नजिर सिद्धान्त र ने.का.प २०४९ अंक २ नि.नं. ४४६४ पृ. १०८ समेतलाई विचार नगरी विवाह भएको विश्वसनीय प्रमाणको अभावमा सुरु सुनसरी जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबी पुग्ने ठहर गरेको उच्च अदालत विराटनगरको मिति २०७७।११।१९ को फैसला त्रुटिपूर्ण भएकाले मुद्दा दोहोऱ्याई हेरी उक्त फैसला बदर गरी वादीको फिराद दाबीबाट प्रतिवादीलाई अलग फुर्सद गरी न्याय पाउँ भन्नेसमेत बेहोराको मोहन कुमार चौधरीको पुनरावेदन पत्र।

१६.यसमा वादी प्रतिवादीबीच मिति २०७२।४।७ मा पशुपतिनाथ मन्दिरमा सिन्दुर हाली भएको भनिएको विवाहको सम्बन्धमा वस्तुनिष्ठ प्रमाणको अभाव रहेको, राष्ट्रिय विधिविज्ञान प्रयोगशालाबाट मिति २०७५।८।१७ मा गरिएको फोटाहरुको परीक्षण प्रतिवेदनमा "वि -१को फोटोमा पुरुष र महिलाका फोटोहरु अलगअलग शरीर र टाउको जोडेर कम्प्यूटरबाट तयार गरिएको हो वा होइन यकिन गर्न सकिएन र वि-२ को फोटोमा माला लगाएको पुरुषको फोटोमा टाउको जोडेर कम्प्यूटरबाट तयार गरी हालको फोटो बनाइएको संकेतहरु पाइन्छन्" भन्ने विशेषज्ञको राय उल्लेख भएको , प्रस्तुत नाता कायम मुद्दामा विवाह भएको भन्ने स्वतन्त्र प्रमाणबाट प्रमाणित नभएको अवस्थामा नाता कायम गर्नसमेत नसकिने हुँदा प्रमाण ऐन, २०३१ को दफा ३, ५४ को व्याख्याको प्रश्न तथा ने.का.प. २०५२ नि.नं . ६०३१ मा "एउटी नारीले उनाउ व्यक्तिलाई लोग्ने भन्दैमा लोग्ने स्वास्नीको नाता कायम हुने भनी सम्झन न्यायिक दृष्टिकोणबाट मिल्ने नदेखिने" तथा ने.का.प. २०४९ नि.नं. ४४६४ मा पेस सबुद प्रमाणको अभावमा यी वादी प्रतिवादीका भाइकी श्रीमती हुन भनी भन्न सक्ने अवस्था नदेखिने भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ। साथै ने.का.प. २०५५ नि.न. ६०३१ मा "केटा मान्छेले Girl Friend र केटी मान्छेले Boy Friend राख्न सक्छ, निजहरु सँगै बस्दै सँगै हिंड्दै गरेको अवस्थामा वा इच्छाअनुसार शारीरिक सम्पर्क राखी बच्चा जन्मेकै आधारमा लोग्ने स्वास्नी हुन सक्दैन।" भनी र सर्वोच्च अदालत बुलेटिन. २०७६ पूर्णाङ्क ६५३, पृष्ठ ३४ मा पेस भएका फोटोहरुको आधारमा मात्र प्रतिवादीले वादीलाई विवाह गरेको भनी वादी प्रतिवादीबीचको लोग्ने स्वास्नी जस्तो संवेदनशील नाताका विषयमा अनुमान गरी बोल्न मिल्ने नहुने भन्ने प्रतिपादित सिद्धान्त प्रतिकूलताको प्रश्न समाहित हुँदा न्याय प्रशासन ऐन, २०७३ को दफा १२ को खण्ड (क) र (ख) बमोजिम प्रस्तुत मुद्दा दोहोऱ्याई हेर्ने अनुमति

प्रदान गरिदिएको छ। नियमानुसार गर्नू भन्ने समेत बेहोराको यस अदालतबाट मिति २०७९।१०।२७ गते भएको आदेश।

१७.यसमा पवित्रा खड्काको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी मोहनप्रसाद चौधरी भएको बहुविवाह (मुद्दा नं. ०७८-८१-०३६४) र विवाह दर्ता बदर ( मुद्दा नं. ०८२-८१-०७०१), वादी पवित्रा खड्का र प्रतिवादी मोहनप्रसाद चौधरी भएको अंशचलन (मुद्दा नं. ०७७-CP-२१२९) र निवेदक पवित्रा खड्का र विपक्षी मोहन प्रसाद चौधरी भएको निषेधाज्ञा (मुद्दा नं. ०७३-WO- ००६६) र निवेदक मोहनप्रसाद चौधरी र विपक्षी पवित्रा खड्का भएको निषेधाज्ञा (मुद्दा नं.०७३-WO-००६७) समेतका मुद्दाहरूको फैसलासहितको सक्कल मिसिल सुनसरी जिल्ला अदालतबाट झिकाई आएपछि नियमानुसार पेस गर्नू भन्ने समेत बेहोराको यस अदालतबाट मिति २०८२।१२।२२ गते भएको आदेश।

## यस अदालतको ठहर

१८.नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न सम्पूर्ण कागज प्रमाणको अध्ययन गरियो।

१९.पुनरावेदक /प्रतिवादीतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री हरिहर दाहाल, श्री महादेव यादव र श्री जगनाथ महतो सिंहले वादीले मिति २०७२ ।०४।०७ गते पशुपतिनाथ मन्दिरमा विवाह भएको भनी दाबी गरेपनि उक्त दाबी पुष्टि हुने विवाहको प्रमाण पेस गर्न नसकेको, वादीकै साक्षी श्रवण विश्वासको बकपत्रमा "घरमा विवाह भएको" भनी उल्लेख भएकोमा सो भनाइलाई वादी दाबीअनुकूल फरक अर्थ लगाइएको , राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको विशेषज्ञ रायबाट पेस भएका तस्वीरहरू कम्प्युटरबाट तयार गरिएको हुन सक्ने संकेत देखिएको, फिरादपत्र हदम्याद भित्र नपरेको, वादीले स्वयं सनाखत बयानमा "टीकाटालो" भएको भनी उल्लेख गरेकी हुँदा विवाह भएको स्वीकारोक्ति नभएको , विवाह भएको औपचारिक वा अनौपचारिक समारोह भएको देखिन नआएको र प्रेम सम्बन्ध वा सँगै बसेको मात्र आधारमा लोग्ने –स्वास्नीको नाता कायम हुन नसक्ने तथा यस अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसमेतको विपरीत उच्च अदालतबाट फैसला भएको हुँदा सो फैसला बदर गरी सुरु फैसला सदर गरिपाउँ भनी गर्नुभएको बहस सुनियो ।

२०.प्रत्यर्थी / वादीकोतर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री थीरबहादुर कार्की , श्री गोमा सुवेदी , श्री मञ्जुल गौतम , श्री राधिका खतिवडा र श्री निहिता विश्वासले वादी र प्रतिवादीबीच २०६४ सालदेखि प्रेम सम्बन्ध रही मिति २०७२।०४।०७ गते पशुपतिनाथ मन्दिरमा विवाह भएको , विवाहपश्चात् दुवै जना कीर्तिपुरस्थित लोकलाल महर्जनको घरमा कोठा

भाडामा लिई पतिपत्नीको रूपमा बसेको, उक्त तथ्यलाई साक्षीको बकपत्रबाट समर्थित भएको, विवाह लगायतका तस्वीर तथा पक्षहरूबीच निरन्तर सम्पर्क भएका कल डिटेललगायतका परिस्थितिजन्य प्रमाणले पुष्टि गरेको, प्रतिवादीले विवाहपश्चात् वादीलाई घरमा भित्र्याउने भनी पटक –पटक आश्वासन दिएको र पछि परिवारको दबाबमा सम्वन्ध अस्वीकार गरेको हुँदा उच्च अदालतको फैसला प्रमाणको समग्र मूल्याङ्कनमा आधारित भएकोले सदर हुनुपर्ने भनी गर्नुभएको वहस सुनियो ।

२१.यसमा विपक्षीसंग आपसी प्रेम सम्बन्ध भई मिति २०७२।०४।०७ गते काठमाडौंको पशुपतिनाथको मन्दिरमा विवाह गरी सँगै बसेकोमा २०७३ भाद्र २ गते दुहवी आई बाबुआमासंग सल्लाह गरी भित्राउछु भनी विश्वास दिलाई बाबुको घरमा जान भने अनुरुप आ-आफ्नो घरमा गएकोमा दिन बित्दै जाने क्रममा सम्पर्कविहिन हुँदै भागी श्रीमती भन्न अस्वीकार गरेकाले विपक्षीसंग लोग्ने स्वास्नीको नाता सम्बन्ध कायम गरिपाउँ भन्ने समेतको वादी दावी रहेकोमा दावी प्रमाणित गर्ने आधार ,प्रमाण बिना दायर गरेको वादी दावी खारेज हुनुपर्छ भन्नेसमेतको प्रतिउत्तर जिकिर रहेछ । प्रस्तुत मुद्दामा वादी दावी पुग्न नसक्ने ठहर गरी सुनसरी जिल्ला अदालतबाट मिति २०७६ ।०१।०३ मा भएको फैसलामा चित्त नबुझाई वादीको तर्फबाट उच्च अदालत विराटनगरमा पुनरावेदन परेकोमा सुरु जिल्ला अदालतको फैसला नमिलेको भनी उल्टी गरी वादी दावी पुग्ने ठहर गरी मिति २०७७ ।११ ।१९ मा फैसला भएको देखियो सो फैसला बदर गरी सुरु अदालतको फैसला सदर गरी पाउँ भनी पुनरावेदक प्रतिवादी मोहनकुमार चौधरीको तर्फबाट यस अदालतमा निवेदन परी मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान भई पुनरावेदनको रोहमा पेश हुन आएको देखियो ।

२२.उपर्युक्त तथ्य ,बहस बुँदा , पुनरावेदन जिकिर रहेको प्रस्तुत मुद्दामा पुनरावेदन अदालत विराटनगरबाट मिति २०७७।११।१९ मा भएको फैसला मिलेको छ वा छैन र पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२३.निर्णयतर्फ विचार गर्दा , वादीले मिति २०७२।०४।०७ मा पशुपतिनाथ मन्दिरमा विवाह भएको दाबी गरे पनि त्यसलाई पुष्टि गर्ने विश्वसनीय प्रमाण पेस गर्न नसकेको अवस्थामा वादी दावीबमोजिम नाता कायम हुने ठहर गरेको उच्च अदालतको फैसला त्रुटिपूर्ण भन्ने नै मुख्य पुनरावेदन जिकिर रहेको देखियो । यसैले यस मुद्दामा वादी र प्रतिवादीविच विवाह भएको हो वा होइन भन्ने कुरामा नै निरुपण गर्नुपर्ने अवस्था रहेको छ । वादी र प्रतिवादीविच विवाह भए नभएको निष्कर्षमा

पुग्ने आधार भनेको मिसिल संलग्न प्रमाण नै हो भन्ने कुरामा कुनै विवाद हुन सक्दैन। अपितु यस्ता प्रमाणहरुको कुनै निरपेक्ष सूची भने हुन सक्दैन । विवाह देखिने लिखित प्रमाण, विवाह दर्ता प्रमाणपत्र वा विवाह समारोहमा उपस्थित प्रत्यक्षदर्शीको बकपत्र जस्ता प्रत्यक्ष प्रमाणको उपलब्ध भएमा त्यस्तो प्रमाण महत्वपूर्ण प्रमाणको रुपमा रहन्छन् । साथै यस्तो विषयमा न्याय निरुपण गर्दा त्यस्ता प्रत्यक्ष प्रमाणको अभाव भए पनि वैवाहिक सम्बन्ध देखिने अन्य सान्दर्भिक प्रमाण र परिस्थितिजन्य प्रमाणका आधारमा पनि निष्कर्षमा पुग्न सकिने हुन्छ । कतिपय अवस्थामा झुठा दावी हुन सक्ने कुरालाई पनि इन्कार गर्न सकिदैन । त्यसैले विवाह वा नातासम्बन्धका सबै विवाद वा मुद्दामा एकै वा निरपेक्ष प्रमाणको खोजि नगरी प्रत्येक मुद्दाहरुका सम्बन्धमा उपलब्ध तथ्य प्रमाण र परिस्थितिहरुको श्रृङ्खलाको सुक्ष्मतम रुपमा परीक्षण र मुल्यांकन गरी ती तथ्य प्रमाण र परिस्थितिहरुका सापेक्षतामा न्यायका चक्षुले हेरी निष्कर्षमा पुग्नु आवश्यक हुन्छ ।

२४. मुलुकी देवानी संहिता, २०७४ को दफा ६७ मा *कुनै पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति-पत्नीको रूपमा स्वीकार गरेमा कानूनी रूपमा विवाह भएको मानिनेछ* भन्ने कानूनी व्यवस्था गरेको देखिन्छ । यस कानूनी व्यवस्थामा विवाह भएको मानिनका लागि कुनै उत्सव, समारोह, औपचारिक समारोह वा कार्यक्रम गर्न वा परम्परागत रुपमा गरिने स्वरुपको विवाह हुन अनिवार्य देखिदैन । कुनै पुरुष महिलाले कुनै आचरण ,व्यबहार , पति पत्नीका रुपमा एकसाथ बस्ने वा पति पत्नीका रुपमा शारीरिक सम्वन्ध कायम गर्ने वा यस्तै कुनै कार्य गर्ने वा एकापसमा पति पत्नी भएको कुरा स्वीकार मात्र गर्दछन् भने पनि त्यो विवाह भएको मानिनका लागि पर्याप्त हुने देखिन्छ । परम्परागत रुपको वा औपचारिक समारोह नभईकन पनि विवाह हुन्छ भन्ने कुरालाई यस कानूनले स्पस्ट रुपमा उदघोस गरेको हुँदा विवाह हुन यस किसिमको औपचारिक रुपमा लिखत वा औपचारिक समारोहको अनिवार्यता हुनुपर्ने भन्ने पुनरावेदन जिकिर स्वीकार्य देखिदैन । यस्तो अवस्थामा औपचारिक समारोह नभएको भन्ने आधारमा विवाह जस्तो उल्लिखित संहिताको दफा ६८ बमोजिम पुरुष र महिला बीच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नको लागि कायम भएको एक स्थायी, अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानूनी बन्धनमा असर वा प्रतिकुल प्रभाव पर्ने गरी विवाह नभएको भनी अर्थ गर्नु कानून ,न्याय र विवेक कुनै पनि दृष्टिकोणबाट समिचिन हुँदैन । पुरुष र महिलाबिच विवाह भएको हो वा होइन भन्ने सम्बन्धमा निष्कर्षमा पुग्दा विधायिकाले कुनै **कार्यबाट एक अर्कालाई पति-पत्नीको रूपमा**

स्वीकार गरेमा पनि विवाह भएको मानिने भनी गरेको विधायिकी व्यवस्था र मनसाय अनुरुप प्रयोजनपरक रुपमा व्याख्या (Purposive Interpretation) गरिनु पर्ने हुन्छ ।

२५.कुनै विवादको निरुपणका सम्बन्धमा कतिपय अवस्थामा प्रत्यक्षदर्शी प्रमाणको अभाव रहेको हुन्छ ।यस्तो अवस्थामा मिसिल कागजातबाट देखिएका परिस्थितिहरुको श्रृङ्खलाबद्ध र मालाकार कडीहरुबाट कुनै कुरा स्थापित हुने अवस्था हुन्छ । कतिपय अवस्थामा प्रत्यक्ष र परिस्थिति दुवै किसिमका प्रमाणहरुको पनि विद्यमानता हुन सक्छन्।नाता कायम मुद्दामा परिस्थितिजन्य प्रमाणहरु महत्वपूर्ण हुन्छन् । प्रत्यक्ष प्रमाणको अभाव रहेको अवस्थामा पनि मिसिल संलग्न रहेका कागजातबाट देखिएका परिस्थिति, पक्षको व्यवहार , गरेका आचरण तथा कार्य र देखिएका तथ्यहरूलाई जोडेर निष्कर्षमा पुग्नुपर्ने हुन्छ । अर्थात प्रत्यक्ष प्रमाणको अभाव रहेको अवस्थामा पनि विवादका विषयमा देखिएका परिस्थितिहरु एकापसमा सुक्ष्मतम रुपमा नियाली परिस्थितिजन्य प्रमाण (Circumstantial Evidence) को बलियो र शृङ्खलाबद्धता वा त्यस्तो मालाकार कडी (Chain of Circumstantial Evidence) को विद्यमानता वा अन्योन्याश्रिता देखिन्छ भने सो परिस्थितिजन्य प्रमाणका आधारमा पनि न्यायिक निष्कर्षमा पुग्नुपर्ने हुन्छ । कुनै पनि कडी वा श्रृंखला नटुटेको यस्तो परिस्थितिजन्य प्रमाणबाट प्रत्यक्ष प्रमाणको अभावमा पनि न्याय निरुपण गर्न सकिने नै हुन्छ । वस्तुतः तथ्य र परिस्थिति निर्जिव बस्तु भएकाले त्यस्तो तथ्य र परिस्थिति झुठा वा असत्य नहुने तर सजिब चित्रण गर्ने हुनाले परिस्थितिजन्य प्रमाणलाई प्रमाणमा ग्रहण गरिने प्रमाण कानुनको मान्यता रहेको देखिन्छ ।

२६.प्रमाण ऐन, २०३१ को दफा ७ को खण्ड (ग) मा अन्यथा प्रमाणित नभएसम्म, *कुनै घटना, मानिसहरूको आचरण वा काम-कारोबारको सामान्य क्रम विचार गर्दा तर्कसङ्गत रूपमा अनुमान गर्न सकिने अन्य कुनै कुरा अदालतले अनुमान गर्न सक्ने* व्यवस्था भन्ने कानूनी व्यवस्था रहेको छ।यस व्यवस्था अनुसार यदि कुनै घटना प्रत्यक्ष रूपमा कसैले देखेको छैन वा ठोस लिखत प्रमाण छैन भने पनि, कुनै घटना , पक्षहरुको आचरण , उनीहरुले गरेका कामकारवाही बाट अदालतले स्वभाविक र विवेकसम्मत अनुमान गर्न सक्छ भन्ने नै प्रस्तुत कानूनी व्यवस्थामा विधायिकी मनसाय सन्निहित रहेको देखिन्छ ।

२७.यसरी नै प्रमाण ऐन, २०३१ को दफा २३ को उपदफा (४) मा *अदालतले कुनै व्यक्तिको अर्को कुनै व्यक्तिसँग कुनै नाता सम्बन्ध छ वा छैन भन्ने कुरा यकीन गर्न परेमा त्यस्तो नाता वा सम्बन्धको विशेष जानकारी हुन सक्ने स्थितिमा भएका व्यक्तिको राय प्रमाणमा लिन हुन्छ* भन्ने कानूनी व्यवस्था रहेको छ । यस कानूनी व्यवस्था अनुसार नाता सम्बन्ध सम्बन्धी विवादको

निरुपणका लागि पक्षहरुको नातासम्बन्धी जानकारी वा सूचना वा ज्ञान रहने व्यक्तिको भनाईलाई प्रमाणमा ग्रहण गरी विवादको विषयमा निष्कर्षमा पुग्न सकिने हुन्छ ।

२८.यस अदालतबाट विवाह र नाता सम्बन्धका सन्दर्भमा प्रतिपादित केही सिद्धान्तहरु यहाँ उल्लेख गर्नु सान्दर्भिक हुने देखियो ।

- विवाह महिलाको आत्मसम्मान र समानतासँग जोडिएको विषय हो । प्रतिवादीले झुक्याई सम्बन्ध विच्छेद गराए पनि हाम्रो श्रीमान् श्रीमतीको सम्बन्ध यथावत् छ भनी दाबी गरेको अवस्थामा पक्षका व्यवहार र आचरणहरू नहेरी सम्बन्ध विच्छेदको सिलापत्र बदरको माग गरिएको छैन भन्ने नितान्त प्राविधिक कुरा उठाई नाता कायम हुँदैन भन्नु अन्यायपूर्ण हुन जान्छ । न्याय समग्रतामा हेरिने र पक्ष तथा समाजले अनुभूत गर्ने कुरा हो । वादी प्रतिवादीबिच परम्परागत विवाह भएको र विवाहको बन्धन र नातालाई यी वादीले यथावत् कायम राख्न माग गरी वर्षौंसम्म मुद्दा लडिरहेको अवस्था छ ।यसलाई मानव अधिकारको दृष्टिबाट पनि हेर्नु आवश्यक देखिन्छ । वैवाहिक विषय व्यक्तिगत, सामाजिक र कानूनी हुनुको साथै आर्थिक पनि हो । सामाजिक संचरनाको कारण पनि विवाह महिलाको लागि संवेदनशील विषयको रूपमा रहन्छ । सम्बन्ध विच्छेद, मानाचामल, अंश, बालबालिकाको **custody** लगायतका विषयलाई महिला अधिकारको परिधिबाट संवेदनशीलतापूर्वक सम्बोधन गर्नुपर्ने हुन्छ ।[१]
- प्रमाण ऐन, २०३१ को दफा २३(४) अनुसार नाता सम्बन्धी कायम गर्ने कुरामा सम्बन्धित व्यक्तिहरूलाई चिन्ने जान्ने स्थितिमा रहेका व्यक्तिको भनाई नै प्रमाणमा सरोकारको हुन्छ । रामचन्द्रश्रेष्ठ प्रतिवादीको काम गर्ने मानिस भएकोले प्रतिवादी कृष्णप्रसाद र मुगादेवीको सम्बन्ध के कस्तो रहेको थियो भन्ने कुरामा निजको बयानको प्रमाणित महत्त्व अरू साक्षीहरू भन्दा बढी हुन्छ ।[२]
- विवाह भएको नभई हिन्दु समाजको आफ्नो धार्मिक र नैतिक आचरणमा कलंक लाग्ने गरी त्यसै कसैको स्वास्नी हुँ भनी भन्न स्वभाविक विश्वासलायक कारण नहुने ।[३]

२९.भारतको सर्वोच्च अदालतका फैसलाहरु पनि यस सन्दर्भमा यहाँ उल्लेख गर्नु सान्दर्भिक हुने देखियो । यो फैसला हाम्रा लागि बाध्यात्मक नहुने भए पनि न्याय निरुपणका सन्दर्भमा सन्दर्भ सामग्रीको रुपमा दृष्टिगत गर्न सकिने नै हुन्छ ।

[1] नेपाल कानून पत्रिका २०७९ अंक १२ निर्णय नम्बर १०९९२

[2] नेपाल कानून पत्रिका २०३७ निर्णय नम्बर १३४१

[3] नेपाल कानून पत्रिका २०३० निर्णय नम्बर ७६२

- **Chowdamma v. Venkatappa** लामो समयसम्मको सहवास र वादीको साक्षीको बकपत्रले वैध विवाह तथ्यलाई बलियो रुपमा अनुमानयोग्य बनाउँछ । यस्तो अनुमान वा यस्तो सम्बन्धको वैधतालाई असत्य प्रमाणित गर्ने भार प्रतिवादीमा रहन्छ। प्रस्तुत मुद्दामा, प्रतिवादीले केवल सम्बन्धलाई अस्वीकार गर्नु बाहेक, मृतक दासाबोभी र वादीहरूका आमाबीचको वैध विवाहको अनुमानलाई खण्डन गर्न कुनै पनि मौखिक वा लिखित प्रमाण वा सामग्री पेश गर्न सकेका छैनन्।[४]
- कुनै पनि तथ्य दाबी गर्ने पक्षमा नै त्यसको प्रमाण पुर्‍याउने भार रहन्छ भन्ने सिद्धान्त स्थापित छ। प्रस्तुत मुद्दामा, मृतक दासाबोभीको आफ्नी आमासँग वैध वैवाहिक सम्बन्ध रहेको भनी वादीहरूले गरेको दाबीलाई निजका साक्षीको मौखिक बकपत्र, मृतक दासाबोभीले वादीहरूको निवासमा नियमित रूपमा आवतजावत गर्ने गरेको निरन्तरको आचरण, र प्रतिवादीको तर्फबाट यी तथ्यहरुको खण्डनका लागि कुनै प्रमाण वा सामग्री प्रस्तुत गर्न नसकेकोले वादीको दावी पुष्टि गर्दछ।[५]

३०.विवाह तथा नाता कायम विवादको प्रकृति ,उल्लिखित प्रमाण कानुनका व्यवस्था र नेपाल तथा भारतका अदालतबाट भएका ब्याख्यासमेतका आलोकमा विवाह दर्ता वा मण्डपका तस्वीर जस्ता औपचारिक प्रमाण नभए तापनि, उनीहरूको आचरण, छिमेकीहरूको गवाही र उनीहरूबीचको लगातारको सम्बन्ध जस्ता परिस्थितिजन्य प्रमाणहरू विवाह प्रमाणित गर्न पर्याप्त हुन्छन्। यस्ता परिस्थितजन्य प्रमाणहरुको सत्यतालाई खण्डन गर्ने प्रमाणको अभिभारा त्यसरी खण्डन गर्न चाहने पक्षमा नै रहने प्रमाण कानूनको मान्यता रहेको हुन्छ । प्रस्तुत मुद्दामा वादीका साक्षी सरवन विश्वासले बादी प्रतिवादी श्रीमान श्रीमती नाताका व्यक्तिहरु हुन्। वि.सं. २०७२ साल श्रावण ७ गते नै काठमाण्डौंको पशुपतिनाथको मन्दिरमा वादी प्रतिवादीको विवाह भएको हो। वादी प्रतिवादीवीच लोग्ने स्वास्नीको नाता सम्वन्ध कायम हुनुपर्ने हो। विवाहमा फोटो खिचेको देखेको हो । निजले विवाहपछि कीर्तिपुरमा डेरा गरी बसेको भन्ने समेत खुलाई

[4] https://indiankanoon.org/doc/146427105/ **Chowdamma (Dead) By L.R vs Venkatappa (Dead) By Lrs on 25 August, 2025/2025 INSC1038**
Such prolonged cohabitation, coupled with the testimony of P.W.2 (Hanumanthappa), attracts a strong presumption in favour of a valid wedlock. Although the presumption is rebuttable, the onus lies on defendant No. 1 to disprove the legitimacy of the relationship. In the present case, defendant No. 1, except for mere denial, has not substantiated any material, oral or documentary, to rebut the presumption of a valid marriage between the deceased Dasabovi and the plaintiffs' mother. It is a well-settled principle that the burden of proof lies upon the party who asserts a fact. In the present case, the plaintiffs have positively asserted that the deceased Dasabovi had a valid marital relationship with their mother. This assertion is supported by the oral testimony of P.W.2 (Hanumanthappa), the consistent conduct of the deceased Dasabovi in regularly visiting the plaintiffs' residence, and the absence of any contrary material from defendant No.1.
[5] Id.

बकपत्र गरेको देखिन्छ ।यस बकपत्रबाट वादी प्रतिवादीबिच विवाह भएको देख्ने प्रत्यक्षदर्शी प्रमाणको विद्यमानता रहेको अवस्था छ । यसका साथै वादी पवित्रा खड्का र प्रतिवादी मोहनप्रसाद चौधरी भएको अंशचलन (मुद्दा नं. ०७७-CR-२१२९) को मुद्दामा प्रतिवादी मोहन चौधरीका हजुरबुबा र काकाले यी वादी पवित्रा खड्कालाई मोहन चौधरीको पत्नी भनी मुलतवी जगाई जग्गा फुकुवा गरी पाँउ भन्ने मिति २०८०/०३/१३ मा सुनसरी जिल्ला अदालतमा दिएको निवेदनमा उल्लेख गरेको देखियो।यसरी नाता सम्बन्धका बारेमा जानकारी हुने प्रतिवादीका हजुरबुबा र काकाले दिएको निवेदनमा वादी प्रतिवादी वीचको नातालाई स्वीकारे गरी अभिव्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा २३(४) अनुसार प्रमाणमा ग्रहण छ । यी लिखित तथा प्रत्यक्ष प्रमाणका अतिरिक्त वादी प्रतिवादी बीच लामो समयदेखि प्रेम सम्बन्ध रहेको, पशुपतिनाथ मन्दिरमा विवाह भएको दावी रहेकोमा वादी प्रतिवादीबिच संगै खिचेको फोटो रहेको तथा विवाह पश्चात कीर्तिपुरमा एउटै कोठामा बसेको तथ्य (जुन कुरा प्रमाण ऐन, २०३१ को दफा ७ को खण्ड (ग) अनुसार अदालतले अनुमान गर्न सक्ने) जस्ता परिस्थितिजन्य प्रमाणका परिदृश्यमा पनि वादी प्रतिवादीबिच विवाह भएको कुरा थप रुपमा स्थापित हुन आएको छ ।

३१.हाम्रो जस्तो सामाजिक परिवेशमा विना कारण कुनै महिलाले उनाउ ब्यक्तिलाई पति भनी झुठा दावी लिई यति लामो समयसम्म न्यायको याचना लिई अदालतमा निरन्तर रुपमा उपस्थित भइरहने कुरा स्वभाविक र प्रतितलायक हुन नसक्ने यथार्थताका सादृश्यतामासमेत वादी प्रतिवादीबिच विवाह भएको तथ्यमा सन्देह गर्नुपर्ने अवस्था देखिएन । यसका साथै नातामा विवाद सृजना भई वादीले नाता कायमका लागि प्रमाण प्रस्तुत गरेको र परिस्थितिजन्य प्रमाणबाट पनि सो तथ्य देखिएको अवस्थामा त्यस्तो नातालाई इन्कार गर्ने प्रतिवादी माथी पनि प्रमाण ऐन, २०३१ को दफा २७ अनुसार प्रमाणको भारको दायित्व रहनेमा प्रतिवादीले तदनुरुप बस्तुनिष्ठ र ठोस प्रमाणबाट नाताको अस्तित्वलाई खण्डन गर्न सकेको अवस्था पनि देखिएन ।

३२.जहाँसम्म पुनरावेदकले राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको रायमा तस्वीरहरू कम्प्युटरबाट तयार गरिएको हो वा होइन यकिन गर्न नसकिने तथा केही तस्वीरमा टाउको जोडेर तयार गरिएको संकेत रहेको भनी उल्लेख भएको अवस्थामा तस्वीरलाई प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने जिकिर लिएको छ सो तर्फ विचार गर्दा , विशेषज्ञको राय निश्चित रूपमा महत्वपूर्ण प्रमाण हो, तर पनि विशेषज्ञ रायमा "यकिन गर्न सकिएन" वा "संकेतहरू पाइन्छ" भन्ने प्रकृतिको निष्कर्ष रहेको अवस्थामा त्यसलाई "तस्वीर नक्कली भएको पूर्ण प्रमाण" भनी अर्थ लगाउन मिल्दैन । विशेषज्ञ रायको प्रमाणिक मूल्य त्यसको निश्चितता, परीक्षणको प्रकृति तथा अन्य प्रमाणसँगको सामञ्जस्यबाट निर्धारण गर्नुपर्ने हुन्छ।प्रस्तुत मुद्दामा तस्वीर मात्रलाई विवाहको निर्णायक प्रमाण बनाइएको नभई साक्षीको बकपत्र, कीर्तिपुरमा भएको भनिएको सहवास,

घरधनीसम्बन्धी तथ्य तथा पक्षहरूबीचको सम्बन्धसम्बन्धी अन्य परिस्थितिजन्य प्रमाणसमेतको मूल्याङ्कन गरिएको देखिएकोले तस्वीरसम्बन्धी पूर्ण निश्चितता नभएको विशेषज्ञको रायको आधारमा मात्र अन्य प्रमाणलाई निष्प्रभावी बनाउन वा अन्य प्रमाणलाई उपेक्षा गरी निष्कर्षमा पुग्न मिल्ने देखिएन।

३३. पुनरावेदकले निर्णय नं. ६०३१, *पूर्णा सुनार विरुद्ध इन्द्रबहादुर भण्डारी, लोग्ने नाता कायम* लगायतका नजिर उद्धृत गरी केवल प्रेम सम्बन्ध, शारीरिक सम्पर्क वा सँगै बसेको आधारमा लोग्ने –स्वास्नीको नाता कायम हुन नसक्ने जिकिर गर्नुभएको छ। मुद्दा दोहोर्‍याई हेर्ने अनुमति प्रदान गर्दासमेत यस नजिरलाई आधार लिइएको छ ।यो ईजलास उक्त सिद्धान्तसँग असहमत हुनुपर्ने अवस्था छैन। केवल प्रेम सम्बन्ध वा शारीरिक सम्बन्ध कायम भएको तथ्यबाट मात्र विवाह भएको निष्कर्ष निकाल्न मिल्दैन। नाता कायमका लागि विवाह वा वैवाहिक सम्बन्धलाई पुष्टि गर्ने पर्याप्त तथा विश्वसनीय प्रमाण आवश्यक हुन्छ भन्ने कुरामा इजलासको विमती रहन सक्दैन। तर नजिरको प्रयोग गर्दा त्यसमा रहेको कानुनी सिद्धान्त मात्र होइन, त्यस नजिरको तथ्यगत अवस्था र प्रस्तुत मुद्दाको प्रमाणगत अवस्था पनि तुलना गर्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा वादीको दाबी केवल प्रेम सम्बन्ध वा शारीरिक सम्बन्धमा सीमित छैन। निजले निश्चित मिति र स्थानमा विवाह भएको, त्यसपछि पति –पत्नीको रूपमा सँगै बसेको तथा सो दाबीलाई समर्थन गर्ने विभिन्न मौखिक, भौतिक र परिस्थितिजन्य प्रमाण रहेको अवस्था छ । यसरी विवाह गरी प्रतिवादीसँग कीर्तिपुरमा पतिपत्नीको रूपमा बसेको तथ्य, साक्षीको बकपत्र, तस्वीर तथा पक्षहरूबीचको सम्बन्ध र आचरणसम्बन्धी अन्य परिस्थितिजन्य प्रमाणहरू मिसिलमा रहेको अवस्थामा वादी र प्रतिवादीबीच सामान्य प्रेम सम्बन्धभन्दा अगाडि बढेर वैवाहिक सम्बन्ध कायम भएको भन्ने वादीको कथनलाई समर्थन गर्ने पर्याप्त आधार रहेको हुँदा पुनरावेदकले जिकिर लिएको सो नजिर तथा यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्ने अनुमति प्रदान गर्दा ग्रहण गरिएका अन्य नजिरहरु यस मुद्दाको तथ्य र प्रमाणसंग मिल्दो वा संगतीपूर्ण रहेको नदेखिँदा प्रस्तुत मुद्दामा प्रयुक्त हुने देखिएन ।

३४. बहसका क्रममा प्रतिवादी तर्फबाट रहनु भएका विद्वान वरिष्ठ अधिवक्ता जगनाथ महतोले मुलुकी ऐन लोग्ने स्वास्नीको महलको ६ नं को हदम्याद नाघेकाले फिराद खारेज हुनुपर्ने भनी लिनु भएको जिकिरका सम्बन्धमा हेर्दा यस अदालतबाट नाता कायम मुद्दाको सन्दर्भमा यो यति अवधिभित्र फिराद गर्नुपर्छ भन्ने प्रचलित कानुनमा हदम्याद तोकिएको पाइँदैन । अदालती बन्दोवस्तको ३६ नं. अनुसार ऐनमा हदम्याद नलेखिएको कुरामा जहिलेसुकै नालिश दिए पनि लाग्न सक्ने भनी सिद्धान्त प्रतिपादन भइरहेको[६] हुँदा सो जिकिर मनासिब देखिएन । साथै

[६] नेपाल कानून [illegible]का २०४८ अंक ९, निर्णय नम्बर ४३५४

अन्तरजातीय भएका कारण परिवारले विवाह गर्न अनुमति नदिएपछि मिति २०७२।०४।०७ गते काठमाडौंस्थित पशुपतिनाथ मन्दिरमा भगवानलाई साक्षी राखी विवाह गरी सोही दिनदेखि किर्तिपुर न.पा . वडा नं. ३१ स्थित लोकलाल महर्जनको घरमा कोठा भाडामा लिई पति –पत्नीको रूपमा बस्दै आएकोमा प्रतिवादीका परिवारजनले सम्बन्धबारे थाहा पाई औपचारिक समारोह गरी विवाह गरिदिने आश्वासन पछि विपक्षी सम्पर्कविहीन हुने , फोन वन्द गर्ने र भेट्न नदिने गर्न थालेको र मिति २०७३।१०।२०गते विपक्षीको घरमा जाँदा निजका बाबु –आमाले विपक्षीसँग भेट्न नदिएपछि मात्र फिराद दायर गर्नुपर्ने परिस्थिति सृजना भई प्रस्तुत फिराद परेको अवस्था हुँदा यसमा विद्वान वरिष्ठ अधिवक्ताले जिकिर लिएको लोग्ने स्वास्नीको महलको ६ नम्बरको हदम्याद पनि ब्यतित भएको देखिदैन ।

३५. माथिल्ला प्रकरणहरुमा उल्लेख र विश्लेषण गरिए अनुसारको कानूनी व्यवस्था ,यस अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त र मिसिल संलग्न समग्र तथ्य ,प्रमाण र परिस्थितिको आलोकमा वादी प्रतिवादी बिच विवाहको तथ्य स्थापित हुन आएकोले निजहरु बिचको नाता कायम हुनु वाञ्छनीय देखियो । त्यसो हुँदा वादी प्रतिवादी बिच नाता कायम हुने ठहर गरी उच्च अदालतबाट भएको फैसला मनासिब हुँदा प्रतिवादीको पुनरावेदन जिकिर , निजका तर्फबाट रहनु भएका विद्वान कानून व्यवसायीको बहस जिकिर र यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गर्दा ग्रहण गरिएका आधारसंग सहमत हुन सकिएन ।

३६. तसर्थ , माथि विवेचित आधार कारणबाट वादी र प्रतिवादीबीच मिति २०७२।०४।०७ गते विवाह भई तत्पश्चात् पति –पत्नीको रूपमा सम्बन्ध कायम रहेको तथ्य स्थापित रहेको देखिदा सुरु सुनसरी जिल्ला अदालतको फैसला उल्टी गरी वादी र प्रतिवादीबीच लोग्ने –स्वास्नीको नाता कायम हुने ठहर गरी उच्च अदालत विराटनगरबाट मिति २०७७।११।१९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ ।प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन।

३७. सरोकारवालाले फैसलाको नक्कल मागे नियमानुसार नक्कल दिनू ।प्रस्तुत फैसलालाई विद्युतीय व्यवस्थापन प्रणालीमा अपलोड गरी ,मुद्दाको दायरीको लगत कट्टा गरी ,सुरु अदलातबाट झिकाएका मिसिलहरु सम्बन्धित जिल्ला अदालतमा पठाई रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू ।

(महेश शर्मा पौडेल)
न्यायाधीश

उक्त रायमा सहमत छु।

(नृपध्वज निरौला)
न्यायाधीश

इजलास अधिकृतः देवी ढकाल

कम्प्युटर अपरेटरः शंकर सापकोटा

ईति सम्वत् २०८३ साल साउन ११ गते रोज २ शुभम् -----------------------।